यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०६/२०८१-०८२ मिति २०८१/०९/०५ गते बसेको बैठकका निर्णयहरु सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सार्वजनिक गरिएको छ ।

अपिहिमाल गाउँ कार्यपालिका
लण्डेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## संवत् २०८१ साल पौष ०५ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु:

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन शाखा | गाउँ सभाको अधिवेशन आह्वान सम्बन्धी पेश हुन आएको प्रस्ताव स्वीकृत गरी यस गाउँपालिकाको गाउँ सभाको उन्नाइसौ अधिवेशन मिति २०८१/०९/१३ गते शनिबार दिउँसो १२:३० बोलाउने । |
| २. | प्रशासन शाखा | यस गाउँपालिकाको संवत २०८१ पौष १३ गते देखि बस्ने गाउँ सभाको उन्नाइसौ अधिवेशनका प्रस्ताव स्वीकृत सम्बन्धी पेश हुन आएको प्रस्ताव स्वीकृत गर्ने । |
| ३. | प्रशासन शाखा | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत लोकसेवा तयरी तथा भाषा कक्षा कार्यक्रम शीर्षकमा विनियजन भएको रकमबाट लोकसेवा तयारी गर्ने विद्यार्थिलाई छात्रवृत्ति उपलब्ध गराउने र सोका लागि सूचना प्रकाशन गरी आवेदन माग गर्ने। |
| ४. | प्रशासन शाखा | मिति २०८१/०९/२१ देखि २७ गते (तदअनुसार २०२४ जनवरी ५ देखि ११ सम्म भारतको देहरादुनमा हुने पर्यटन महोत्सवमा सहभागी भई गाउँपालिकाको पर्यटन प्रवर्द्धन गर्ने। |
| ५. | प्रशासन शाखा | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तरगत राजस्व सुधार कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिकाको राजस्व सुधार तथा परिचालन सम्बन्धी कार्यविधि तर्जुमा गर्ने । |
| ६. | प्रशासन शाखा | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार जनप्रतिनिधि र कर्मचारीहरुलाई अध्ययन अवलोकन गर्न उत्कृष्ट अभ्यास गरी रहेका स्थानीय तहको अध्ययन अवलोकन भ्रमण स्वीकृत गर्ने । |
| ७. | प्रशासन शाखा | यस गाउँपालिकाको गत आ.व.२०८०/०८१ को स्थानीय तह क्षमता स्वमूल्यांकन (LISA), स्थानीय तह वित्तीय, सुशासन जोखिम मूल्यांकन (FRA) र स्थानीय आर्थिक विकास स्वमूल्यांकन (LED) को प्राप्त भएको अंक,अनुमोदन गर्ने । |
| ८. | आर्थिक प्रशासन शाखा | यस गाउँ कार्यपालिकाको कार्यालयमा वडाबाट सिफारिस सहित आर्थिक सहायताका लागि पेश भएका निवेदनहरु उपर छलफल गरी अपिहिमाल गाउँपालिकाको आर्थिक सहायता तथा राहत वितरण कार्यविधि, २०८० को दफा ४ को उपदफा (२) को खण्ड (ग) बमोजिम लाभग्राहीहरुलाई नगद आर्थिक सहायता तथा राहत उपलब्ध गराउने । |
| ९. | शिक्षा यूवा तथा खेलकूद शाखा | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत रहेको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मिति २०८१/०९/१५ गतेबाट संचालन गर्ने । |
| १०. | प्रशासन शाखा | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ बमोजिमको यस गाउँपालिकाको राजस्व परामर्श समितिबाट पेश हुन आएको आगामी आर्थिक वर्ष २०८२/०८३ को राजस्व प्रक्षेपण प्रतिवेदन र आगामी आर्थिक वर्ष २०८२/०८३ को आय र व्ययको अनुमान सम्बन्धी प्रतिवेदन स्वीकृत गर्ने । |

| | | |
|---|---|---|
| ११. | प्रशासन शाखा | यस गाउँपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयहरुमा दिवा खाजा व्यवस्थापन कार्यक्रम अन्तरगत उपलब्ध गराईने स्थानीय दाल सेतो र रातो राजमाको समर्थन मूल्य अनुसार नै दोवको रकम उपलब्ध गराईदिन सप्रसो नेपाल मार्फत विश्व खाद्य कार्यक्रम (WFP) लाई अनुरोध गर्ने । |
| १२. | प्रशासन शाखा | यस गाउँपालिकाको वडा नं.३ को कार्यालय परिसर भित्र खाली रहेको जमिनमा स्थानीय व्यक्तिलाई होटेल/पसल (क्याण्टिङ) संचालनका लागि मासिक रुपमा भाडामा लगाउन स्वीकृति दिने । |
| १३. | प्रशासन शाखा | यस गाउँपालिकाको वडा नं.३ झुस्कु बस्ने क्षेत्तेली भाषाको उत्थान, क्षेत्तेली भाषाका बिज्ञ, इतिहास विद तथा समाजसेवी व्यक्तित्व श्री तुला सिंह ठेकरे बोहरा ज्यूको निति २०८१/०९/०४ गते भएको असमायिक निधन प्रति गहिरो समवेदना प्रकट गर्दै, मृत आत्मको चिरशान्ति तथा भावपूर्ण श्रद्धान्जली व्यक्त गर्ने । |

रबिन्द्र सिंह बोहरा
प्रवक्ता
अपिहिमाल गाउँ कार्यपालिका